लेखा सुपरिवेक्षण समितिको राष्ट्रिय गोष्ठि २०८०
आश्विन २६, २०८०
काठमाडौं

## सामूहिक सत्र ४

# सहकारीको विद्यमान सङ्कट सामनाः रणनीति र भावी कार्यदिशा

काशीराज दाहाल,
अध्यक्ष, सहकारी व्यवस्थापन समितिको कार्यालय

# विषयसुची

१. सहकारीमा किन सङ्कट देखियो

२. सहकारीका समस्या सिर्जनाका कारणहरु

- अर्थतन्त्रको प्रणालीगत कारण सिर्जित समस्या
- अर्थतन्त्रको गैर प्रणालीगत कारण उत्पन्न समस्या
- नीतिगत समस्या तथा कानून कार्यान्वयनमा शिथिलता
- स्वच्छ अभ्यास नहुँदा सिर्जित समस्या

३. समस्या समाधानको रणनीति र भावी कार्यदिशा

- सरकार र नियामक निकायले के गर्ने
- अभियानले के गर्ने
- प्रारम्भिक सहकारी संस्थाहरुले के गर्ने

# सिंहावलोकन

यस सत्रमा हामी वर्तमानमा सहकारी क्षेत्रमा देखिएको संकट र त्यसको समाधानको लागि सबै सरोकारवालाहरुको भूमिका र जिम्मेवारीको विषयमा चर्चा र अन्तरक्रिया गर्नेछौं ।

# सहकारीमा किन देखियो सङ्कट


तत्कालीन अवस्थामा समस्यामा परेका सहकारी संस्थाहरुको अवस्थालाई विश्लेषण गर्दा ती सहकारी संस्थाहरुले सहकारीलाई पूँजि जम्मा गर्ने माध्यम मात्र बनाएको र सङ्कलन गरिएको पूँजि आफ्ना सदस्यहरुको आयआर्जन, उत्पादन एवं व्यवसायीकरणमा उपयोग नगरी वित्तीय अनुशासन कायम गर्न नसकेको कारण सहकारीमा सङ्कटको अवस्था देखिएको हो।

**समस्याको विश्लेषण गर्दा निम्न प्रवृत्ति देखिएको छ**

| पहिलो | दोस्रो | तेस्रो | चौथो |
|---|---|---|---|
| कोभिड-१९ महामारी र विश्वव्यापी आर्थिक मन्दी | सहकारीको आधारभूत मूल्य, मान्यता र सिद्धान्तका सम्बन्धमा आम सर्वसाधारणमा रहेको सहकारी शिक्षाको कमी | अधिक तथा शीघ्र लाभको लोभमा घरजग्गामा सहकारीको बचत लगानी गर्ने र त्यस्तो सम्पतीको यथार्थ अवस्था | धेरै सहकारीहरु (८०%) स्थानीय तहको नियमन क्षेत्राधिकारमा पर्ने तर आवश्यक कानुनी तथा प्रशासनिक प्रबन्ध प्रभावकारी बनीनसकेको |

# तथ्य

- कतिपय शहर केन्द्रित र समुदायमा आधारित नभई वचतकर्ता ग्राहकमा आधारित सहकारी संस्थाहरुमा पछिल्लो समय एकपछि अर्को समस्या देखिंदै गएको छ ।
- विशेषगरी विगत एक दशक अघिदेखि नै संस्थाहरुले वचत माग गरेको समयमा फिर्ता गर्न नसक्दा वा सम्झौता बमोजिमको वित्तीय कारोवार गर्न नसक्दा सहकारीहरुमा समस्या आएको देखिन्छ ।


सहकारीका समस्या सिर्जनाका कारणहरु
अर्थतन्त्रको प्रणालीगत कारण
अर्थतन्त्रको गैर प्रणालीगत कारण
नितिगत कारण
स्वच्छ अभ्यासमा कमीका कारण

# अर्थतन्त्रको प्रणालीगत कारण सिर्जित समस्याः

- कोभिड-१९ पश्चात विप्रेषण आप्रवाहको दर घट्नु
- अर्थतन्त्रमा देखिएको सङ्कुचनका कारण सहकारीमा भाखा नाघेका कर्जाहरु वृद्धि हुनु,
- सरकारको पूँजीगत खर्चमा कमी,
- भुक्तानी असन्तुलन र सोधनान्तर घाटाका कारण वित्त प्रणालीमा समस्या,
- कोभिडपश्चात् मुद्रास्फिती दर ४.०४ प्रतिशतबाट बढेर ७ प्रतिशतसम्म पुग्नु,
- बन्दाबन्दी (लक डाउन) पश्चात् व्यापार व्यवसाय सञ्चालनमा आएपछि कर्जाको माग अत्याधिक बढनु ।

# अर्थतन्त्रको गैर प्रणालीगत कारण उत्पन्न समस्या

- वित्तीय उत्पादन र सेवाहरुको मूल्य निर्धारणमा समस्या,
- खराब कर्जाहरु अत्याधिक हुनु र घरजग्गा जस्ता अनुत्पादक स्थिर सम्पत्तिमा अत्याधिक लगानी गर्नु,
- संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति एवं व्यवस्थापनमा रहने जिम्मेवार पदाधिकारी/व्यक्तिहरुको स्वार्थ बाझने गरी कर्जा लगानी गर्नु,
- गुणस्तरको आधारमा कर्जाको वर्गीकरण नहुनु, (असल कमसल शंकास्पद खराब)
- ऋण जोखिम कोषको पर्याप्ततामा ध्यान नदिनु,
- तरलता जोखिमको मापन नगरी वित्तीय असन्तुलन कायम गर्नु,

## नीतिगत समस्या तथा कानून कार्यान्वयनमा शिथिलता

- जग्गाको वर्गीकरण र कित्ताकाटको समस्या
- कर्जा सुचना केन्द्र र ऋण असुली न्यायाधीकरण स्थापना नभएका कारण
- सन्दर्भ व्याजदर स्वचालित नहुनु,
- अन्तर सहकारी कारोबार समेत गरिनु,
- सदस्य बन्धनमा कमी
- सहकारी शिक्षाका कार्यक्रमहरु प्रभावकारी नहुनु,
- सहकारी संस्थाहरुलाई एउटै कानूनबाट निर्देशित गरिनु,
- आवश्यकता भन्दा बढी अत्याधिक रुपमा सहकारी संस्था दर्ता गरिनु,
- संस्थाहरुका समितिका पदाधिकारीहरुको पदावधी विपरीत भए पनि नेतृत्व परिवर्तन नहुनु,
- सघन अनुगमन प्रणालीको कानूनी व्यवस्था भए पनि कार्यान्वयन नहुनु,
- सहकारीहरुको निरिक्षण, सुपरिवेक्षण तथा अनुगमनका लागि आवश्यकता अनुरुपको संयन्त्र र प्राविधिक जनशक्ति न्यून रहनु,
- विभिन्न प्रचलित ४७ वटा कानुनहरुमा भएका व्यवस्था सहकारी ऐनसँग बाझेको अवस्था हुनु, आदि।

## स्वच्छ अभ्यास नहुँदा सिर्जित समस्या

- नियमित र अनिवार्य वचत कमी र ससाना रकम वचत गराउने अभ्यासमा कमी,
- पूँजि निर्माणको नाममा अन्धाधुन्ध रकम जम्मा गर्ने होडवाजी
- सहकारीको नियमित वित्तिय स्वास्थ्य जाँच नहुनु
- वित्तीय विश्लेषण विना अत्याधिक लाभको लोभमा घरजग्गा र अन्य अनुत्पादक व्यवसायमा लगानी, विनाधितो ऋण लगानी
- संस्थाबाट ऋण लिई अपचलन गर्ने प्रवृति बढ्नु,
- राजनीतिक स्वार्थले भागवण्डाका आधारमा सञ्चालक समिति गठन गरी दलीयकरण गर्ने प्रवृति तथा समितिमा रहने पदाधिकारीहरुको आधारभूत योग्यता निर्धारण नहुनु,
- अधिकांश संघ, संस्थाहरुको लेखा सुपरिवेक्षण समिति निष्क्रिय रही नाम मात्रको अवस्थामा रहनु,
- व्यवस्थापनमा रहने कर्मचारीहरु आफ्नो विषयमा दक्ष नहुनु,
- सम्वन्धित विषयको तालीम प्राप्त व्यवसायीक कर्मचारीको अभाव रहनु,
- सहकारी संस्थाहरुमा सुशासनको अभाव, सहकारीको मूल्य मान्यता र सिद्धान्त विपरीत काम गर्ने प्रवृति, आदि ।

# समस्या समाधानका लागि कसले के गर्ने ?

- सरकार र नियामक निकाय
- अभियान
- प्रारम्भिक सहकारी संस्थाहरु

# सरकार र नियामक निकाय

- सहकारीहरुलाई खराब अवस्था- रेड जोन, समस्याउन्मुख अवस्था- एल्लो जोन र राम्रो अवस्था- ग्रिन जोन गरी वर्गीकरण गर्ने र यस सम्बन्धमा सहकारी संघ संस्थाहरुबाट समेत विवरण सङ्कलन गरी समस्या पहिचान गरी समस्या समाधान गर्ने।
- नियामक निकायबाट अनुगमनको क्रममा समस्याग्रस्त उन्मुख देखिएका सहकारीका सञ्चालकहरुको बैंक खाता, चल अचल सम्पत्ति र राहदानी रोक्का राख्ने ।
- समस्याग्रस्तताको अवस्था विद्यमान रहेको देखिएमा तत्काले चलअचल सम्पत्ति रोक्का राखी समस्याग्रस्त घोषणा गर्ने,
- एकै प्रकृतिको काम गर्ने सहकारी संस्थाहरुलाई एकीकरण गर्ने र सहकारी संस्थाको नयाँ दर्ता प्रक्रियालाई रोक्का गरी निश्चित मापदण्ड तयार गरेर मात्र नयाँ संस्था दर्ता प्रक्रिया खुल्ला गर्ने,
- विद्यमान सहकारी ऐन, नियममा भएका सबै व्यवस्थाहरु जस्तै ऋण असुली न्यायाधीकरण, कर्जा सूचना केन्द्र, बचत तथा कर्जा सुरक्षण कोष स्थापना
- बचत तथा ऋण रकमको अनिवार्य विमाको व्यवस्था गरी बचत तथा ऋणको सुरक्षा प्रत्याभूति

# अभियानको जिम्मेवारी

- सघन नियमनको व्यवस्थाको कार्यान्वयन र प्रभावकारिता कायम गर्ने, यसमा अभियानको तर्फबाट आफ्ना सदस्य संस्थाहरुमा सुशासनको प्रवर्धन गर्ने गराउने काममा सक्रिय हुने,
- सहकारी सञ्चालकको आचारसंहिता जारी गरी कडाइका साथ लागू,
- संघहरूले आफ्नो मातहतका सहकारी संघ संस्थाको अध्ययन विश्लेषण गर्ने,
- सहकारी सिद्धान्तभन्दा बाहिर गएर श्रोतको दुरूपयोग गर्नेलाई कानूनी कारबाहीको दायरामा ल्याउन पहल गर्ने,
- समस्यामा परेका संस्थाको तथ्यगत विवरण ल्याउनका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्ने,
- सहकारी शिक्षालाई प्राथमिकीरण गर्ने, सहकारी सदस्य बन्नुपूर्व न्यूनतम सहकारी शिक्षा लिएको हुनुपर्ने मापदण्ड तय गर्ने,
- सञ्चालक, व्यवस्थापन र सदस्यको कार्य सीमा र भूमिका प्रष्ट पार्ने,
- सञ्चालक तथा लेखा समितिलाई नियमित तालिम प्रशिक्षण र पुनर्ताजगी कार्यक्रम सञ्चालन गर्ने,
- स्वार्थको द्वन्द नरहने गरी नीति तथा कार्यविधि निर्माण गर्ने,
- सहकारी क्षेत्रमा जनशक्ति आकर्षणका लागि कर्मचारीको वृत्ति विकासको सुनिश्चितता गर्ने,
- सहकारी संस्थाहरुमा आन्तरिक सुशासन कायम गरी सहकारी संस्थाप्रतिको विश्वासनीयता र स्वीकार्यता अभिवृद्धि गर्न सुपरिवेक्षण समितिहरुको सक्रियतामा वृद्धि गर्ने ।

# प्रारम्भिक सहकारी संस्थाहरुको जिम्मेवारी

- सदस्यको पैसा, बचत, शेयरको सुरक्षालाई पहिलो प्राथमिकतामा राख्ने,
- सहकारीको पुँजिलाई उत्पादन, प्रशोधन र बजारीकरणमा लगानी गर्न सकेमा विद्यमान बेरोजगारी र आर्थिक सङ्कटलाई सम्बोधन गर्न सहयोग पुग्ने देखिंदा त्यसतर्फ विशेष ध्यान दिनुपर्ने,
- सहकारीमा महिला तथा लैगिंक समानता, युवा तथा सिमान्तकृत वर्गबीच सामाजिक समावेशिता कायम गर्ने,
- व्यावसायिक रुपमा संस्था सञ्चालन गर्नका निमित्त समिति, उपसमिति तथा कर्मचारीहरुको निरन्तर क्षमता विकास
- संस्थाको वित्तीय अनुशासन कायम राख्ने, वित्तीय मापदण्डहरु पूरा भए नभएको निरन्तर जाँच गर्ने,
- आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त राख्न लेखा सुपरिवेक्षण समितिको निरन्तर क्षमता अभिवृद्धि गर्ने,
- संस्थागत सुशासन कायम गर्न, वित्तीय अनुशासन कायम राख्न, कानुन पालनाका लागि वा विभिन्न अन्य क्षेत्रमा आवश्यकताअनुसार बाह्य सेवा वा सहयोग लिने/प्रवन्ध गर्ने,
- अनावश्यक लोभ लालच देखाई संस्थामा सदस्य बनाउने वा समुदायलाई आकर्षित गर्ने जस्ता कार्य नगर्ने,
- कानुन र विधिको पालनामा शून्य सहनशीलताको नीति कार्यान्वयन गर्ने,
- सहकारीको मूल्य, मान्यता र सिद्धान्तअनुरुप कार्य गर्ने सँस्कृतिको विकास गर्ने ।

**नेपाल सरकारबाट घोषित समस्याग्रस्त सहकारीहरु**

***(स्रोतः सहकारी व्यवस्थापन समितिको कार्यालय)***

| क्र.स. | सहकारी संस्था | घोषित मिति |
|---|---|---|
| १ | स्टाण्डर्ड सेभिङ् एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड | २०७५-०३-१८ |
| २ | प्यासिफिक सेभिङ् एण्ड इन्भेष्टमेण्ट को-अपरेटिभ लिमिटेड | २०७५-०३-१८ |
| ३ | प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड | २०७५-०३-१८ |
| ४ | कोहिनुर हिल सेभिङ् एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड | २०७५-०३-१८ |
| ५ | कन्जुमर बचत तथा ऋण सरकारी संस्था लिमिटेड | २०७५-०३-१८ |
| ६ | कुवेर बचत तथा ऋण सरकारी संस्था लिमिटेड | २०७५-०३-१८ |
| ७ | चार्टर सेभिङ् एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड | २०७५-०३-१८ |
| ८ | भेगास बचत तथा ऋण सरकारी संस्था लिमिटेड | २०७५-०३-१८ |
| ९ | स्टाण्डर्ड मल्टिपर्पोज को-अपरेटिभ लिमिटेड | २०७५-०३-१८ |
| १० | सोसाइटल बचत तथा ऋण सहकारी संस्था लि. | २०७५-११-१९ |
| ११ | लुःनिभा बहुद्देश्यीय सहकारी संस्था लि. | २०७6-०४-१२ |
| १२ | ओरेण्टल को-अपरेटिभ लिमिटेड | २०७९-०६-०७ |
| १३ | पशुपती सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि. | २०८०-०४-०१ |
| 14 | शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | २०८०।५।२५ |
| 15 | तुलसि बहुमुखी सहकारी संस्था लिमिटेड | २०८०।५।२५ |

# प्रश्न, सुझाव र जिज्ञासा
# खुला छलफल

**<u>सन्दर्भ सामग्रीहरु</u>**

- ✓ सहकारी क्षेत्र सुधार सुझाव कार्यदल,२०८० प्रतिवेदन, काठमाडौं,
- ✓ सहकारी ऐन, २०७४ तथा सहकारी नियमावली, २०७५